# १. सामान्य जानकारी

## १. अन्तःशुल्क कस्तो प्रकारको कर हो ?

*अन्तःशुल्क आन्तरिक उत्पादन र पैठारीमा लाग्ने कर हो । यो सामान्यतया उत्पादकको तहमा र पैठारीमा मात्र लाग्दछ । अन्तःशुल्क लाग्ने भनि तोकिएका स्वदेशी उत्पादन बा पैठारी हुने बस्तु वा प्रदान गरिने सेवामा त्यस्ता बस्तु वा सेवा उत्पादन गर्न लाग्ने खर्च र प्रतिष्ठानको नाफामात्र जोडी हुने मूल्यमा तोकिएको दर अनुसार निष्कासनका बखत लाग्ने कर नै अन्तःशुल्क हो ।*

## २. अन्तःशुल्क लाग्ने बस्तुको पैठारीमा कसरी अन्तःशुल्क लगाईन्छ ?

*पैठारी गर्दाकै अबस्थामा भन्सार बिन्दूमा लाग्छ ।*

## ३. मलाई अन्तःशुल्क बारे सामान्य जानकारी चाहिएको छ कहाँबाट उपलब्ध हुन्छ ?

*सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा बिभागमा सम्पर्क राखेमा यस सम्बन्धी जानकारी पाईन्छ ।*

## ४. मैले अन्तःशुल्क जन्य बस्तुको कारोबार गर्न लागेकोले सोको दर्ता कहिले र कहाँ गर्नु पर्दछ ?

*अन्तःशुल्क जन्य बस्तुको कारोबार गर्नु अगाबै तपाईंले नजिकको आन्तरिक राजस्व कार्यालयमा गई आफ्नो कारोबारको दर्ता गराउनु पर्नेछ ।*

## ५. ईजाजतपत्रको नबिकरण कहिले र कहाँ कसले मात्र गर्नु पर्दछ ?

*अन्तःशुल्कजन्य बस्तुको कारोबार गर्ने ईजाजतपत्र प्राप्तकर्ताले नबिकरण गराउन चाहेमा आफूले ईजाजतपत्र लिएको कार्यालयमा गै लाग्ने ईजाजतपत्र तोकिए बमोजिमको दस्तुर दाखिला गरी श्रावण महिना भित्र नबिकरण गराउनु पर्नेछ । ईजाजतपत्र लिनु पर्दछ ।।।*